# साना सिचाइ कार्यक्रम सम्बन्धी कार्यविधि, २०७७

मिति २०७७/१०/२८ कार्यपालिकाको बैठकबाट स्वीकृत

## भूमिकास्थान नगरपालिका
## नुवाकोट, अर्घाखाँची

# साना सिचाइ कार्यक्रम सम्बन्धी कार्यविधि, २०७७

**मिति २०७७/१०/२८ कार्यपालिकाको बैठकबाट स्वीकृत**

**प्रस्तावना**

भूमिकास्थान नगरपालिका भित्र बसोवास गर्ने अधिकांश मानिसहरु कृषि पेशामा आवद्ध रहेकाछन् । कृषि कार्यमा लाग्ने किसानहरुलाई वाली लगाउने देखि भित्राउने समय सम्म बिभिन्न समस्याहरु देखापर्ने हुँदा उनीहरुलाई प्राविधिक तथा आर्थिक सहयोगको खाँचो जरुरी हुन आँउछ । कृषकहरुलाई पेशा प्रति आकर्षक बनाई उत्पादन र उत्पादकत्व वृध्दि गरी आय आर्जनमा टेवा पु-याउनुका साथै जीवनस्तरमा सुधार ल्याउन नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि ल्याइएको हो ।

**१,संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "साना सिंचाइ कार्यक्रम सम्बन्धी कार्यविधि, २०७७" रहेकोछ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ ।

**२, परिभाषा:**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क)“नगरपालिका” भन्नाले भूमिकास्थान नगरपालिकालाई जनाउनेछ ।

(ख)“कार्यपालिका” भन्नाले भूमिकास्थान नगरपालिकाको कार्यपालिकालाई जनाउने छ ।

(ग) “नगर प्रमुख” भन्नाले भूमिकास्थान नगरपालिकाको प्रमुखलाई जनाउनेछ ।

(घ) “नगर उप प्रमुख” भन्नाले भूमिकास्थान नगरपालिकाको नगर उप प्रमुखलाई जनाउनेछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले भूमिकास्थान नगरपलिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ ।

(च) “वडा” भन्नाले भूमिकास्थान नगरपालिका भित्रका दशवटै वडाहरुलाई जनाउनेछ ।

(छ) “साना सिंचाइ” भन्नाले स-साना कुला निर्माण तथा मर्मत, सिमेन्ट पोखरी निर्माण तथा मर्मत, ग्राभिटी सिंचाई, प्लाष्टिक पोखरी लगायतखेतवारीमा गरिने सिंचाइ कार्य समेतलाई जनाउनेछ ।

(ज) “सिफारिस समिति” भन्नाले कार्यक्रम कार्यान्वयनका लागि लाभग्राही छनोटका लागि गठन भएको सिफारिस समितिलाई जनाउनेछ ।

(झ) “कृषक” भन्नाले कृषि पेशालाई प्रमुख पेशाको रुपमा अँगालेको ब्यक्ति, समूहवा सहकारीलाई जनाउनेछ ।

(ञ) “फर्म वा समूह” भन्नाले नियमानुसार नगरपालिका वा अन्य निकायमा दर्ता भई संगठित रुपमा कृषि कार्य गर्ने संस्था वा समूहलाई जनाउनेछ ।

(ट) “सहकारी” भन्नाले नियमानुसार नगरपालिका वा अन्य निकायमा दर्ताभई संगठित रुपमा कार्य गर्ने संस्था वा समूहलाई जनाउनेछ ।

(ठ) “लाभग्राही” भन्नाले अनुदान प्राप्त गर्नका लागि योग्य व्यक्ति वा समूहलाई जनाउनेछ ।

**३, उद्देश्य:**

(१) सामाजिक तथा आर्थिक रुपले पछाडि परेका कृषि व्यवसायलाई प्रमुख पेशाको रुपमा लिई काम गर्ने कृषकलाई सहयोग पु-याउने ।

(२) व्यावसायिक रुपमा खेती गरी उत्पादकत्व वृध्दि गर्नुका साथै आय आर्जनमा सहयोग पु-याउने ।

**४, अनुदान प्राप्तिका लागि मापदण्ड:**

(१) अनुदान लिन चाहने कषकका लागि:-

(क) आफ्नो नाममा जग्गा धनी प्रमाण पुर्जा भएको ।

(ख) सम्बन्धित वडामा बसोवास गरेको ।

(ग) नगरपालिकाबाट उपलब्ध हुने अनुदानका अतिरिक्त थप लगानी गर्न ईच्छुक ।

(घ) कृषि व्यवसायलाई मुख्य पेशाको रुपमा लिई कृषि कार्य गरि राखेको ।

(ङ) आफ्नो वा परिवारको नाममा कम्तिमा २ रोपनी जग्गा रहेको ।

(२) समूह, फर्म तथा सहकारीका लागि:-

(क) समूह, फर्म वा संस्था दर्ता भै प्रमाण पत्र लिएको

(ख) कृषि सम्बन्धी उद्देश्य राखी नियमित रुपमा कृषि कार्य गरेको ।

(ग) संस्था सञ्चालनमा रही आर्थिक कारोवार, प्रशासनिक व्यवस्थापन एवम् अभिलेख चुस्तदुरुस्त रहेको ।

(घ) सामजिक परीक्षण तथा लेखा परीक्षण कार्य नियमित रुपमा गरेको ।

(ङ) नियमित रुपमा कर चुक्ता गरेको ।

(च) सञ्चालक तता व्यवस्थापन समितको बैठक नियमित रुपमा बस्ने गरेको ।

(छ) नगरपालिका क्षेत्र भित्र कार्यक्षेत्र भई संस्थाका सदस्यहरु क्रियाशिल रहेको ।

(ज) समूह, फर्म वा सहकारीको नाममा वा भाडामाकम्तिमा १० रोपनी जग्गा रहेको ।

**५, अनुदान उपलब्ध गराउने विधि:** (१) नगरपालिकाले अनुदानका लागि अनुसूची १ बमोजिमको ढाँचामा कम्तिमा पन्ध्र दिने सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) अनुदान लिन चाहने कृषकले अनुसूची २ बमोजिमको ढाँचामा तोकिएको म्याद भित्र नगरपालिकामा दरखास्त दिनु पर्नेछ ।

(३) अनुदान लिन चाहने कृषक, समूह, फर्म तथा सहकारीले दरखास्त साथमा तपसिलका प्रमाणहरू संलग्न गरेको हुनुपर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

(ख) जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि ।

(ग) समूह, फर्म तथा सहकारीको हकमा सस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

(घ) करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

(ङ) समूह, फर्म तथा सहकारीको अनुदान माग सम्बन्धी निर्णयको प्रतिलिपि ।

(च) कार्ययोजना ।

(छ)  अनुमानित लागत विवरण ।

(ज) जग्गा भाडामा भए कम्तिमा पाँच बर्षका लागि सम्झौता गरेको सम्झौताको प्रतिलिपी ।

**६, सिफारिस समिति:** (१)लाभग्राही छनोटका लागि निवेदन पेश गर्ने लाभग्राही छनोट गर्न देहाय बमोजिमको एक छनोट समिति रहनेछ :-

| | |
|---|---|
| (क)प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) योजना शाखाको  अधिकृत | सदस्य |
| (ग) सम्बन्धित शाखाको शाखा प्रमुख | सदस्य सचिव |

बैठकमा आवश्यकता अनुसार बढीमा तीन जना सम्म बिषय विज्ञलाई गर्न सकिनेछ ।

(२)बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**७, लाभग्राही छनोटका अधारहरु:** (१) कार्यक्रममा सहभागी हुने लाभग्राही छनोट सम्बन्धी देहायबमोजिम हुनेछ ।

| | |
|---|---|
| (क)महिला कृषक भए | ५ अंक |
| (ख) महिला सहकारी वा समूह भए | १० अंक |
| (ग) आफ्नो जग्गा भए | १०अंक |
| (घ) जग्गा भाडामा भए | ५अंक |
| (ङ) व्यवसायिक कृषक भए | १० अंक |
| (च) सामुहिक तथा संस्थागत भए | १०अंक |
| जम्मा | ५० अंक |

(२) सिफारिस समितिले लाभग्राहीको छनोट गरी सकेपछि निर्णयका लागि नगरकार्यपालिकाको बैठकमा सिफारिस सहित पेश गर्नेछ ।

**८, सम्बन्धित लाभग्राहीको दायित्व:** अनुदान प्राप्त गर्ने लाभग्राहीको दायित्व देहाय बमोजिम हुनेछ :-

(क) छनोट भएको लाभग्राहीले कार्ययोजना अनुसार समयमानै कार्य सम्पन्न गर्नु पर्नेछ ।

(ख) तोकिएको प्रक्रिया तथा स्टिमेट अनुसार काम गर्नु पर्नेछ।

(ग) समयमानै कार्य सम्पन्न गरी अनुदान माग गर्नु पर्नेछ ।

(घ) सम्झौता बमोजिमका सम्पूर्ण शर्तहरु पालना गर्नु पर्नेछ ।

**९, नगर पालिकाको दायित्व:** कार्यक्रम सञ्चालन का लागि लाभग्राहीको छनोट गरी सके पछि नगरपालिकाको दायित्व देहाय बमोजिम हुनेछ :-

(क)लाभग्राहीलाई प्राविधिक सेवा उपलब्ध गराउने ।

(ख) समय समयमा अनुगमन गरी काममा पृष्ठपोषण दिने ।

(ग) कार्य सम्पन्न भैसके पछि नियमानुसार कर कट्टी गरी अनुदान निकासा दिने ।

**१०, बाधा अड्काउ फुकाउने:** यस कार्यविधिमा कुनै वाधा अड्काउ परे नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

**११, परिमार्जन तथा संशोधन:** नगरपालिकाले आवश्यक ठानेमा यस कार्यविधिलाई परिमार्जन तथा संशोधन गर्नेछ ।

**अनुसूची -१**

**(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)**

# सूचनाको ढाँचा

**बिषय : साना सिंचाइ कार्यक्रमका लागि अनुदान सम्बन्धी सूचना ।**

प्रथमपटकप्रकाशितमितिः...............................

आ.व................ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार **साना सिचाइ कार्यक्रम सम्बन्धी कार्यविधि , २०७७**बमोजिमको कार्यक्रममा सहभागीहुन ईच्छुककृषक, समूहतथा सहकारीहरुले यो सुचनाप्रकाशितभएको मितिले १५औं दिनसम्मकार्यालय समयभित्रतपशिलबमोजिकाकागजातहरु सहितनिवेदनदर्ता गर्नुहुनआह्वानगरिन्छ । साथै रित नपुगेकावाम्यादनाघीप्राप्तहुनआएकानिवेदनहरु छनौटकालागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

आवश्यककागजातहरुः

(क) अनुसूची २ बमोजिमको निवेदन ।

(ख) सम्बन्धित वडाको सिफारिस ।

(ग) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

(घ) जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि ।

(ङ) समूह, फर्म तथा सहकारीको हकमा सस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

(च) करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

(छ) समूह, फर्म तथा सहकारीको अनुदान माग सम्बन्धी निर्णयको प्रतिलिपि ।

(ज) कार्ययोजना ।

(झ) अनुमानित लागत विवरण ।

(ञ) जग्गा भाडामा भए कम्तिमा पाँच बर्षका लागि सम्झौता गरेको सम्झौताको प्रतिलिपी ।

थप जानकारीका लागि भूमिकास्थान नगरपालिकामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

**अनुसूची -२**
**(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)**

# <u>निवेदनको ढाँचा</u>

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यु,**
भूमिकास्थान नगरपालिका, अर्घाखाँची ।

बिषयः- **साना सिंचाइ कार्यक्रमको प्रस्ताव पेश गरेको सम्बन्धमा ।**

**महोदय,**

प्रस्तुत बिषयमा तँहा कार्यलयबाट मिति :- / / मा प्रकाशित सूचना बमोजिम म/हामी साना सिंचाइ कार्यक्रमबाट .............सञ्चालन तथा मर्मत गर्न चाहेको हुँदा तपसिलका कागजात सहित यो निवेदन पेश गरेको छु/छौं ।

**संलग्न कागजातहरूः-**

(क) सम्बन्धित वडाको सिफारिस ।
(ख)नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
(ग) जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि ।
(घ) समूह, फर्म तथा सहकारीको हकमा सस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
(ङ) करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
(च) समूह, फर्म तथा सहकारीको अनुदान माग सम्बन्धी निर्णयको प्रतिलिपि ।
(छ) कार्ययोजना ।
(ज) अनुमानित लागत विवरण ।
(झ) जग्गा भाडामा भए कम्तिमा पाँच बर्षका लागि सम्झौता गरेको सम्झौताको प्रतिलिपी ।

**<u>निवेदक</u>**

दस्तखतः-
नामः-
ठेगानाः
सम्पर्क नंः-